प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

बुदाँ नं. १२.९ संग सम्वन्धित

प्यूठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय प्यूठान

प्यूठान जिल्ला, लुम्विनी प्रदेश।

**१४६ औ कार्यपालिका बैठक(२०८२/१०/०८)**

**विषय:** सङ्घीय समपूरक अनुदानका लागि आयोजना सिफारिस सम्बन्धमा।

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति :२०८२/०९/२८**

**१. विषयको संक्षिप्त व्यहोरा:-** आर्थिक वर्ष २०८३/०८४ मा प्यूठान नगरपालिकाद्वारा कार्यान्वयन हुने सङ्घीय समपूरक अनुदानका आयोजनाहरु छनोट तथा सिफारिस सम्बन्धमा।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक विषयबस्तु :-** आर्थिक वर्ष २०८३/८४ का लागि सङ्घीय समपूरक तथा विशेष अनुदानमार्फत आयोजना वा कार्यक्रम प्रस्ताव गर्ने सम्बन्धि मिति २०८२/०८/२८ मा राष्ट्रिय योजना आयोगबाट प्रकाशित सूचना वमोजिम आगामी आर्थिक वर्षमा यस प्यूठान नगरपालिकामा सङ्घीय समपूरक अनुदान मार्फत कार्यान्वयन हुने योजनाहरु कार्यपालिकामा छलफल तथा प्राथमिकिकरण गरी प्रस्ताव गर्नुपर्ने ।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** समपूरक अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ मा व्यवस्था भए बमोजिम नेपाल सरकारबाट स्थानीय तहलाई समपूरक अनुदान उपलब्ध गराउने क्षेत्र र रकमको सिमामा रही आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि २०८२ माघ मसान्त सम्ममा स्थानीय तहले कार्यान्वयन गर्ने योजनाहरु कार्यपालिकामा निर्णय गरी प्रस्ताव गर्नुपर्ने कानूनी व्यवस्था अनुरुप आयोजनाहरु कार्यपालिकामा छलफल गरी कार्यपालिकाको निर्णयानुसार माग गर्नुपर्ने।

**४. निर्णय हुनुपर्ने व्यहोरा:-** आर्थिक वर्ष २०८३/०८४ मा प्यूठान नगरपालिकाले सङ्घीय समपूरक अनुदानबाट कार्यान्वयन गर्ने गरी तपसिलका आयोजनाहरु छनौट गरी राष्ट्रिय योजना आयोगमा प्रस्ताव पेश गर्ने।

तपसिल

| क्र.सं. | कार्यान्वयन गरिने योजनाको नाम | अवधि | संघीय अनुदानको हिस्सा | नगरपालिकाको लागत साझेदारीको हिस्सा | कुल लागत |
|---|---|---|---|---|---|
| १ | क्वाडी बेलुवा जुम्री विजुवार सडक विस्तार | १ वर्ष | १ करोड २० लाख | १ करोड ८० लाख | ३ करोड |
| २ | जुम्री सापडाँडा सडक कालोपत्रे, प्यूठान नगरपालिका -३ | १ वर्ष | ८० लाख | १ करोड २० लाख | २ करोड |
| ३ | चेरनेटा सालधारी धाईरेचौर चाल्नेटार हुँदै रोल्पा जोड्ने सडक कालोपत्रे | १ वर्ष | ८० लाख | १ करोड २० लाख | २ करोड |

**५. कार्यपालिकाको निर्णय:**

**"निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भएअनुसार हुने" ।**

**नगर प्रमुख**

अनुसुची -२

प्रस्ताव नं. २

बुदाँ नं. १२.१ संग सम्वन्धित

प्यूठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय प्यूठान

प्यूठान जिल्ला, लुम्बिनी प्रदेश।

**१४६ औ कार्यपालिका बैठक(२०८२/१०/०८)**

**विषय:** सङ्घीय विशेष अनुदानका लागि आयोजना सिफारिस सम्बन्धमा।

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति :२०८२/०९/२८**

**१. विषयको संक्षिप्त व्यहोरा:-** आर्थिक वर्ष २०८३/०८४ मा प्यूठान नगरपालिकाद्वारा कार्यान्वयन हुने सङ्घीय विशेष अनुदानका आयोजनाहरु छनोट तथा सिफारिस सम्बन्धमा।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक विषयबस्तु :-** आर्थिक वर्ष २०८३/८४ का लागि सङ्घीय समपूरक तथा विशेष अनुदानमार्फत आयोजना वा कार्यक्रम प्रस्ताव गर्ने सम्बन्धि मिति २०८२/०८/२८ मा राष्ट्रिय योजना आयोगबाट प्रकाशित सूचना वमोजिम आगामी आर्थिक वर्षमा यस प्यूठान नगरपालिकामा सङ्घीय विशेष अनुदान मार्फत कार्यान्वयन हुने योजनाहरु कार्यपालिकामा छलफल तथा प्राथमिकिकरण गरी प्रस्ताव गर्नुपर्ने ।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्बन्धित शाखाको राय:-** विशेष अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ मा व्यवस्था भए बमोजिम नेपाल सरकारबाट स्थानीय तहलाई विशेष अनुदान उपलब्ध गराउने क्षेत्र र रकमको सिमामा रही आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि २०८२ माघ मसान्त सम्ममा स्थानीय तहले कार्यान्वयन गर्ने योजनाहरु कार्यपालिकामा निर्णय गरी प्रस्ताव गर्नुपर्ने कानूनी व्यवस्था अनुरुप आयोजनाहरु कार्यपालिकामा छलफल गरी कार्यपालिकाको निर्णयानुसार माग गर्नुपर्ने।

**४. निर्णय हुनुपर्ने व्यहोरा:-** आर्थिक वर्ष २०८३/०८४ मा प्यूठान नगरपालिकाले सङ्घीय विशेष अनुदानबाट कार्यान्वयन गर्ने गरी तपसिलका आयोजनाहरु छनौट गरी राष्ट्रिय योजना आयोगमा प्रस्ताव पेश गर्ने।

तपसिल

| क्र.सं. | कार्यान्वयन गरिने योजनाको नाम | अवधि | सङ्घीय विशेष अनुदान माग रकम |
|---|---|---|---|
| १ | खरिबोट आपपाटा पारपाखा गुरिगाँउ कोलछापा लिफ्ट खानेपानी योजना , प्यूठान न पा ९ र १० | १ वर्ष | २ करोड |
| २ | टाकुरा पाखाडेरा धरमपानी लिपिकोट सल्लिकोट खानेपानी व्यवस्थापन आयोजना- प्यूठान न पा ४ र ७ | १ वर्ष | १ करोड |

**५. कार्यपालिकाको निर्णय:**

**"निर्णय हुनुपर्ने ब्यहोरामा उल्लेख भएअनुसार हुने" ।**

नगर प्रमुख

अनुसुची -२

प्रस्ताव नं. ३

बुदाँ नं. १२.१ संग सम्वन्धित

प्यूठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय प्यूठान

प्यूठान जिल्ला, लुम्बिनी प्रदेश ।

**१४६ औ कार्यपालिका बैठक(२०८२/१०/०८)**

**विषय:** सडक वोर्ड संगको लागत साझेदारीमा चालु आ.व.२०८२/०८३ मा कार्यान्वयन गर्ने कार्यक्रम स्वीकृत तथा सहमतिको पेश गर्ने सम्बन्धमा ।

**प्रस्ताव पेश गर्ने प्रमुखवाट स्वीकृती प्राप्त मिति :२०८२/०९/२९**

**१. विषयको संक्षिप्त व्यहोरा:-** सडक बोर्ड नेपालको मिति २०८२/०९/२८ गते प्राप्त पत्रानुसार चालु आर्थिक वर्ष २०८२/०८३ मा सडक वोर्डसंगको लागत साझेदारीमा कार्यान्वयन गर्ने योजनाहरु स्वीकृत गरी सहमतिका लागि पेश गर्नेपर्ने भएको ।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक विषयबस्तु :-**यस चालु आर्थिक वर्षमा स्थानीय सडक मर्मत सम्भार कार्यको लागि सडक बोर्डको मिति २०८२/०९/०४ को निर्णय अनुसार रु. २१,००,०००/-(अक्षरुपी एक्काईस लाख मात्र) बजेट स्वीकृत भएकोले उक्त रकममा यस नगरपालिकाले आफ्नो लागत साझेदारीको हिस्सा सहित हुन आउने रकमबाट कार्यान्वयन गर्ने योजनाहरु कार्यपालिकामा छलफल भई स्वीकृत हुनुपर्ने ।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** सडक बोर्ड नियमावली २०६० मा भएको व्यवस्था अनुरुप सडक बोर्डमार्फत कार्यान्वयन हुने सडकको मापदण्ड भित्र रही योजना छनोट गर्न र नगरपालिकाले लागत साझेदारी बापत व्यहोर्नुपर्ने रकम (३० %) को श्रोत सुनिश्चितताका लागि नगरकार्यपालिकाको बैठकमा योजनाहरु छलफल, प्राथमिकिकरण तथा स्वीकृत गरी सडक बोर्ड नेपालमा सहमतीका लागि कार्यपालिकाको निर्णय सहित पत्राचार गरी पठाउनुपर्ने व्यवस्था रहेको ।

**४. निर्णय हुनुपर्ने व्यहोरा:-** चालु आर्थिक वर्ष २०८२/०८३ मा सडक बोर्डसंगको लागत साझेदारीमा कार्यान्वयन गर्नका लागि तपसिल अनुसारका आयोजनामा तपसिल अनुसारको लागत साझेदारी यस नगरपालिकाले व्यहोर्ने गरी योजना स्वीकृत गर्ने साथै योजना सहमतिका लागि सडक बोर्ड नेपालमा यथासीघ्र पत्राचार गर्ने ।

तपसिल

| क्र.सं. | कार्यान्वयन गरिने योजनाको नाम | सडक बोर्डबाट विनियोजित रकम | प्यूठान नगरपालिकाबाट हुने लागत साझेदारी वापतको रकम |
|---|---|---|---|
| १ | ढुङ्गेठाँटी ठूलोगाँउ सडक मर्मत | २१ लाख | ९ लाख |

**५. कार्यपालिकाको निर्णय:**

**"निर्णय हुनुपर्ने ब्यहोरामा उल्लेख भएअनुसार हुने" ।**

नगर प्रमुख

अनुसुची -२
प्रस्ताव नं. ४
बुदाँ नं. १२.१ संग सम्बन्धित
प्यूठान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय प्यूठान
प्यूठान जिल्ला, लुम्विनी प्रदेश ।

**१४६ औ कार्यपालिका बैठक(२०८२/१०/०८)**
**विषय:** करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।

**प्रस्ताव पेश गर्न प्रमुखबाट स्वीकृती प्राप्त मिति :२०८२/०९/२९**

**१. विषयको संक्षिप्त व्यहोरा:-** प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय तथा मातहतका कार्यालयहरुमा १९ औ नगरसभाको निर्णय अनुसार २०८२ श्रावण १ गतें देखी पुष मसान्त सम्म करार सम्झौता गरी कार्यरत कर्मचारीहरुको करार सेवाको निरन्तरता सम्बन्धमा ।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक विषयबस्तु :-** प्यूठान नगरपालिका तथा मातहतका कार्यालयहरुमा शिक्षा, स्वास्थ्य, प्रशासन तथा विविध सेवामा श्रावण १ देखी पौष मसान्तसम्म लागू हुने गरी १९ औं नगरसभाबाट पारित भएको निर्णय अनुसार करार सम्झौता गरी कामकाजमा खटिएका करार सेवाका कर्मचारीहरुको करार म्याद पौष मसान्तमा समाप्त भएकोले, पौष मसान्त सम्मका यस कार्यालयमा प्राप्त म्याद थप सम्बन्धी निवेदन तथा करार कर्मचारीहरुको कार्यसम्पदान मूल्याङ्कनका आधारमा करार म्याद थप गर्नुपर्ने भएको।

३. प्रस्ताव पेश गर्नु **पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** प्यूठान नगरपालिका तथा मातहतका कार्यालयहरुमा शिक्षा, स्वास्थ्य, प्रशासन तथा विविध सेवामा श्रावण १ देखी पौष मसान्तसम्म लागू हुने गरी १९ औं नगरसभाबाट पारित भएको निर्णय अनुसार करार सम्झौता गरी कामकाजमा खटिएका करार सेवाका कर्मचारीहरुको करार म्याद पौष मसान्तमा समाप्त भएकोले उक्त कर्मचारीहरुको म्याद थप सम्बन्धमा कार्यपालिकामा छलफल गरी निर्णय गर्नुपर्ने भएको ।

**४. निर्णय हुनुपर्ने व्यहोरा:-** १९ औ नगरसभाको निर्णय अनुसार प्यूठान नगरपालिका तथा मातहतका कार्यालयहरुमा शिक्षा, स्वास्थ्य, प्रशासन तथा विविध सेवामा कार्यरत सम्पूर्ण करार कर्मचारीहरुको म्याद २०८३ असार मसान्त सम्मका लागि थप गर्ने तथा निर्णय अनुमोदनका लागि २०औ नगरसभामा पेश गर्ने ।

**५. कार्यपालिकाको निर्णय:**
**'निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भएअनुसार हुने" ।**

नगर प्रमुख

अनुसुची -२

प्रस्ताव नं.५

बुदाँ नं. १२.१ संग सम्वन्धित

प्यूठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय प्यूठान

प्यूठान जिल्ला, लुम्विनी प्रदेश।

**१४६ औ कार्यपालिका बैठक(२०८२/१०/०८)**

**विषयः** "घ" वर्गका निर्माण व्यवसायीहरुलाई निर्माण ईजाजत पत्र उपलब्ध गराउने सम्बन्धमा।

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति :**२०८२/०९/२५

**१. विषयको संक्षिप्त व्यहोराः-** प्यूठान नगरपालिका आर्थिक विकास शाखामा प्राप्त निवेदन तथा ईजाजत पत्र उपलब्ध गराउन गठित छानबिन समितिको निर्णय अनुसार "घ" वर्गका निर्माण व्यवसायीहरुलाई निर्माण ईजाजत पत्र उपलब्ध गराउने सम्बन्धमा।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-** प्यूठान नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा "घ" वर्गको ईजाजत प्राप्त गर्नका लागि कागजात सहित पेश हुन आएका दरखास्त उपर छानबिन तथा सिफारिस समितिमा भएको छलफल तथा निर्णय अनुसार ईजाजत पत्र उपलब्ध गराउनु पर्ने।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको रायः-** यस प्यूठान नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधी २०७४ को दफा ११ को उपदफा २ का अनुसार बुँदा २ को नयाँ ईजाजत पत्र सम्बन्धी व्यवस्था अन्तर्गत अनुसूचि -५ को व्यवस्था अनुसार निर्माण व्यवसायी फर्मलाई आवश्यक पर्ने जनशक्ति, औजार, उपकरण, विमा कम्पनी दर्ता भए नभएको छानविन गरी ईजाजत पत्र उपलब्ध गराउन ईन्जिनियर श्री प्रेम नारायण पौडेलको संयोजकत्वमा गठित छानबिन समितिको मिति २०८२/०९/२४ गते बसेको बैठकको निर्णयको आधारमा प्यूठान नगरपालिका –९ स्थित सबिरा निर्माण सेवा व्यवसायीलाई "घ" वर्गको ईजाजत पत्र उपलब्ध गराउन उपयुक्त देखिएको।

**४. निर्णय हुनुपर्ने व्यहोराः-** प्यूठान नगरपालिका –९ स्थित सबिरा निर्माण सेवालाई "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र उपलब्ध गराउने।

**५. कार्यपालिकाको निर्णयः**
**"निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भए अनुसार हुने"**

नगर प्रमुख

अनुसुची -२

प्रस्ताव नं.६

बुदाँ नं. १२.१ संग सम्वन्धित

प्यूठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय प्यूठान

प्यूठान जिल्ला, लुम्विनी प्रदेश।

**१४६ औ कार्यपालिका बैठक(२०८२/१०/०८)**

**विषय :**कार्यविधि स्विकृत सम्बन्धमा।

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति :२०८२/१०/०४**

**१. विषयको संक्षिप्त व्यहोरा:- प्यूटान नगरपालिका पशु सेवा शाखाको कार्यसञ्चालनका लागि निर्मित कार्यविधि स्विकृत सम्बन्धमा।**

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-** स्थानीय सरकार सञ्चालन ऐन – २०७४ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन सक्ने व्यवस्था रहेकोले प्यूठान नगरपालिकाले आफ्नो वार्षिक स्वीकृत कार्यक्रम सञ्चालनका लागि तर्जुमा गरेको कार्यबिधि कार्यपालिकामा छलफल भई कार्यपालिकाबाट स्वीकृत गर्नुपर्ने भएकोले ।

**३ -:प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय .**प्यूठान नगरपालिका पशु सेवा शाखाद्वारा आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालन हुने वार्षिक स्वीकृत कार्यक्रम हल गोरु पालन गर्ने कृषकहरुका लागि अनुदान कार्यक्रम सञ्चालनका लागि तर्जुमा भएको "हलगोरु पालन गर्ने कृषकको लागि अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि -२०८२" विधेयक समितिको सिफारिसमा कार्यपालिकाबाट स्वीकृत हुनुपर्ने।

**४ .निर्णय हुनुपर्ने व्यहोरा:** -मिति २०८२/०९/२५ गतेको प्यूठान नगरपालिका बिधेयक समितिद्वारा कार्यपालिकामा सिफारिस भई आएको *"हलगोरु पाल्ने कृषकलाई उपलब्ध गराउने अनुदान कार्यक्रम सञ्चालन कार्यविधि -२०८२"* पारित गर्ने ।

**५. कार्यपालिकाको निर्णय:**

**"निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भए अनुसार हुने"**

नगर प्रमुख

अनुसुची -२
प्रस्ताव नं.७
बुदाँ नं. १२.१ संग सम्वन्धित
प्यूठान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय प्यूठान
प्यूठान जिल्ला, लुम्विनी प्रदेश।

**१४६ औ कार्यपालिका बैठक(२०८२/१०/०८)**

**विषय :**कार्यविधि संशोधन सम्बन्धमा।

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति :२०८२/१०/०४**

**१. विषयको संक्षिप्त व्यहोरा:-** प्यूठान नगरपालिका कृषि विकास शाखा तथा आर्थिक विकास शाखा अन्तर्गतका कार्यविधिहरु संशोधन सम्बन्धमा।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-** प्यूठान नगरपालिकाद्वारा निर्मित कार्यविधिहरु अन्य ऐन नियम कार्यविधिसंग नबाझिने गरी समय सापेक्ष संशोधन गर्नुपर्ने भएकोले ।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** प्यूठान नगरपालिकाको "किसान पेन्सन कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१" मा र "घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यवबिधि २०७४" को अनुसूची ५ को बुँदा नं. १ मा परिवर्तन गर्नका लागी आर्थिक विकास समितिको मिति २०८२// को बैठकबाट निर्णय भएकोले कार्यपालिका बैठकमा छलफल गरी संशोधन गर्न उपयुक्त हुने।

**४ .निर्णय हुनुपर्ने व्यहोरा: -**

क. किसान पेन्सन कार्यक्रम कार्यान्वयन कार्यविधी

- हाल कार्यान्वयनमा रहेको कार्यविधि किसान पेन्सन कार्यक्रम कार्यान्वयन कार्यबिधि प्रथम संशोधनको दफा ५ को उपदफा (क) मा तपसिल अनुसारको संशोधन गर्ने
  - क. कृषकले जम्मा गर्नुपर्ने न्यूनतम आधारभूत पारिश्रमिकबाट ११ प्रतिशत हुने आउने रकम रु. ११९०/- बाट रु. १३३९/- हुने गरी संशोधन गर्ने।
  - ख. प्यूठान नगरपालिकाबाट जम्मा गर्नुपर्ने आधारभूत पारिश्रमिकको ९.३७ प्रतिशतले हुन आउने रकम रु. १०१३/- बाट ११४०/- हुने गरी संशोधन गर्ने।
  - ग. किसान पेन्सन कार्यक्रम कार्यान्वयनका लागि जम्मा हुने कुल रकम २२०४/- भएकोमा २४७९/- हुने गरी संशोधन गर्ने।
- हालको कार्यविधि किसान पेन्सन कार्यक्रम कार्यान्वयन कार्यबिधि प्रथम संशोधनको दफा ५ मा उपदफा (घ) थप गर्ने जसमा देहायबमोजिमको व्यवस्था हुनेछ। ***"किसान पेन्सन कार्यक्रमबाट लाभान्वित हुने कृषक र नगरपालिकाले जम्मा गर्ने रकमको हिस्सा प्रतिशतमा कृषकबाट ११ प्रतिशत तथा नगरपालिकाबाट ९.३७ प्रतिशत हुने तथा नेपाल सरकारले तोकेको आधारभूत पारिश्रमिकको दर अनुसार प्रत्येक दुई***

*आर्थिक वर्षमाआधारभूत पारिश्रमिकको दर परिवर्तन हुँदा कृषकको ११ प्रतिशत र नगरपालिकाको ९.३७ प्रतिशतँ वापत हुने रकम फरक परेमा नेपाल सरकारले तोकेको रकमको आधारमा हुन आउने रकम जम्मा गरिनेछ।"*

**५. कार्यपालिकाको निर्णय:**

**"निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भए अनुसार हुने"**

...गल नगरपालिका
कार्यपालिकाको कार्यालय
बिजुवार, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख